एकाइ ३ · नागरिक चेतना, अधिकार र कर्तव्य

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]


कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

अलिखित संविधान **एकसदनात्मक** **मानव अधिकार** **मौलिक हक** **लिखित संविधान** **लोकतान्त्रिक संस्कार** **सरकार** **सार्वभौमसत्ता**

राज्य चलाउने निकायलाई _____ भनिन्छ। राज्यको स्वतन्त्रता वा सर्वोच्चताको अधिकार _____ हो। सरकार, समाज र व्यक्तिले देखाउने असल व्यवहार वा क्रियाकलापलाई _____ भनिन्छ। लेखेर किताबका रूपमा प्रकाशन गरिएको संविधानलाई _____ भनिन्छ। संसारका सबै मानिसले मानिस भएकै कारण समान रूपमा पाउने अधिकार _____ हो। एउटा मात्र सदन हुने भएकाले प्रदेश सभालाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [२]

चित्रमा संविधान सभाबाट संविधान बन्नेसम्मका मुख्य घटना मितिसहित छन्। मिति हेरेर १ देखि ४ सम्मका अङ्कले जनाएका ठाउँमा घटनाको नाम लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: गणतन्त्र घोषणा, दोस्रो संविधान सभाको निर्वाचन, नेपालको संविधान जारी, पहिलो संविधान सभाको निर्वाचन। प्रत्येकको ०.५ अङ्क छ।



१. _____ २. _____

३. _____ ४. _____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. नेपालमा हरेक वर्ष असोज ३ गते संविधान दिवस मनाइन्छ। ☐

ii. बेलायतको संविधान लिखित संविधान हो। ☐

iii. प्रदेश मन्त्रीपरिषद्मा प्रदेश सभाको कुल सदस्य सङ्ख्याको ३० प्रतिशतसम्म सदस्य हुन सक्छन्। ☐

iv. नेपालको संविधानको धारा ३८ मा महिलाको हक मौलिक हकका रूपमा राखिएको छ। ☐

४ अति छोटो उत्तर [८]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. राज्य भनेको के हो? [१]

ख. मानव अधिकारको विश्वव्यापी घोषणापत्र कसले र कहिले जारी गरेको थियो? [१]

ग. नेपालका प्रमुख सुरक्षा निकायहरू कुन कुन हुन्? [१]

घ. जानुकाकी हजुरआमाको दश वर्षकै उमेरमा विवाह भएको थियो। यो कस्तो विवाहको उदाहरण हो? [१]

ङ. कक्षामा पिकनिक कहाँ जाने भन्ने छलफलमा तपाईंले भनेको ठाउँ बहुमतले मानेन। लोकतान्त्रिक संस्कारअनुसार तपाईंले के गर्नुपर्छ? [१]

च. प्रदेश सभामा बहुमत पाएको दलको नेतालाई मुख्यमन्त्री कसले नियुक्त गर्छ? [१]

छ. राष्ट्रप्रमुख वंशका आधारमा नभई जनता वा तिनका प्रतिनिधिबाट निर्वाचित भएर आउने व्यवस्थालाई के भनिन्छ? [१]

ज. नेपाल र भारतबिचको खुला सिमानामा चोरीपैठारी रोक्ने र सीमा सुरक्षा गर्ने मुख्य जिम्मेवारी कुन सुरक्षा निकायको हो? [१]

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/civic-awareness-rights-and-duties

५ छोटो उत्तर [८]

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. जनसङ्ख्यालाई मानवीय स्रोत भन्नुको कारण लेख्नुहोस्। [२]

ख. मानव अधिकार र मौलिक हकबिच कुनै दुई फरक छुट्याउनुहोस्। [२]

ग. नेपाली सेनाले गर्ने कुनै दुई कार्य उल्लेख गर्नुहोस्। [२]

घ. कुनै प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने प्रणालीबाट १५ जना जान्छन्। त्यस प्रदेश सभामा जम्मा कति सदस्य हुन्छन्? मुख्यमन्त्रीसहित मन्त्रीपरिषद्मा बढीमा कति जना हुन सक्छन्? हिसाब देखाउनुहोस्। [२]

६ लामो उत्तर [४]

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

नेपालको वर्तमान संविधानका कुनै चार मुख्य विशेषता छोटकरीमा उल्लेख गर्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/civic-awareness-rights-and-duties

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

एउटा गाउँमा कुवाबाट पानी भर्दा “पानी छोइदियो” भन्दै कुनै परिवारलाई पानी भर्न दिइएन। यो घटनामा कुन अधिकारको हनन भयो? तपाईं त्यस गाउँको विद्यार्थी भए यसका लागि के गर्नुहुन्छ?

८ क्रियाकलाप: लोकतान्त्रिक संस्कार हो कि होइन? (अङ्क नदिइने)

तलका व्यवहार लोकतान्त्रिक संस्कार हुन् भने “हो” मा र होइनन् भने “होइन” मा ✓ लगाउनुहोस्। त्यसपछि आफ्नो कक्षामा देखेको एउटा उदाहरण साथीलाई सुनाउनुहोस्।

व्यवहार	हो	होइन
अरूको विचारको कदर गर्ने		
बोल्दा पालो पर्खने		
आफ्नो कुरा साथीहरूले मानेनन् भनी रिसाउने		
कक्षा मनिटर छान्दा भोट हाल्ने		
कमजोर साथीहरूलाई हेप्ने र थर्काउने		
अरूलाई विभिन्न आधारमा घृणा गर्ने		
छलफलबाट निर्णय गर्ने		
साथीहरूसँग झगडा गर्ने		